काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २८२ ❐ शुक्रवार, ८ साउन, २०८३ ❐ Friday, 24 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

सुर्खेतमा ग्याँसको कालोबजारी

आफू खुशी मूल्य निर्धारण, मारमा विद्यार्थी र विपन्न समुदायका नागरिक

आयल निगम प्रमुख भन्छन् ग्याँसको अभाव छैन, बजारमा भने राति २ बजेदेखि सर्वसाधारण लाइनमा सास्ती भोग्दै । आजदेखि "एक व्यक्ति, एक सिलिन्डर" र प्रहरीको कडा निगरानी हुने

❐ नविन सुवेदी

सुर्खेत, ७ साउन

सुर्खेतमा पछिल्लो समय खाना पकाउने ग्याँसको चरम अभाव देखिएको छ । सर्वसाधारण नागरिकहरू बिहान २-३ बजेदेखि नै खाली सिलिन्डर बोकेर लाइनमा बस्न बाध्य छन् । तर घण्टौं लाइन बसेपनि उनीहरु ग्याँस नपाई खाली हात घर फर्कने गरेका छन् । नागरिकको दैनिक आवश्यकतासँग जोडिएको विषयसँग तीनै तहका सरकारहरु मौन बसेपछि उपभोक्ताहरु आक्रोसित बन्दै गएका छन् । अवस्था कतिसम्म जटिल बनेको छ भने, ग्याँस डिलरहरूमा धकेलाधकेल र सामान्य हातहालाहालको स्थिति सिर्जना भएपछि व्यवस्थापनका लागि प्रहरी नै खटाउनुपर्ने अवस्था आउने गरेको छ ।

मध्यपूर्वि देश इरानमाथि अमेरिका र इजरायलले आक्रमण थालेपछि विश्वभर इन्धन आपूर्तिको श्रृंखला नराम्ररी प्रभावित बनेको छ । जसको असर नेपालीको भान्सासम्म परिरहेको छ । इन्धनमा भएको अस्वभाविक मूल्यवृद्धिका कारण महंगीको मारमा परेका आमा सर्वसाधारणले घण्टौं लाइन लाग्दासमेत ग्याँस पाउन सकेका छैनन् ।

अन्तर्राष्ट्रिय परिस्थितिलाई कारण देखाउँदै सरकारले आधा सिलिन्डर मात्रै ग्याँस दिने नीति लिएपछि सर्वसाधारणमा त्रास फैलिएको



कालोबजारी रोक्न के गर्दै छ प्रशासन ?

यस विषयमा जिल्ला प्रशासन कार्यालय सुर्खेतका सहायक प्रमुख जिल्ला अधिकारी डिलबहादुर कार्कीसँग बुझ्दा अनुगमनको मुख्य काम नेपाल आयल निगमको भए पनि प्रशासनले आवश्यक सहजिकरण गरिरहेको दावी गरे । उपभोक्ता तथा होटल व्यवसायीहरूले धेरै सिलिन्डर होल्ड गर्नाले कृतिम ग्याँस अभाव देखिएको उनको भनाइ छ । रास्वपाको स्टिकर टाँसिएका गाडीमा ग्याँस लुकाइएको वा कसैलाई बदनाम गराउन अभाव सिर्जना गरिएको भन्ने आरोपहरू निराधार रहेको उनको दावी छ ।

अनुगमनका क्रममा यस्तो पाइएको खण्डमा जोसुकैलाई पनि कारवाही गरिने कार्कीले बताए । वीरेन्द्रनगरमा विद्यार्थी, विपन्न समुदाय नागरिक र डेरा गरी बस्नेहरु ग्याँस नपाएर भौतारिदा बजार अनुगमनको अधिकार पाएको वीरेन्द्रनगर नगरपालिका मौन भएर बसेको छ ।

बजारमा ग्याँसको कृतिम अभाव भएको विषयमा बुझ्न खोज्दा वीरेन्द्रनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद बाँस्कोटा सम्पर्कमा आउन चाहेनन् । बजारमा सहज आपूर्ति गराउन र कालोबजारी रोक्न आयल निगम, प्रहरी र जिल्ला प्रशासन कार्यालयको सहकार्यमा आज अर्थात शुक्रबारदेखी प्रहरी र प्रशासनको सहकार्यमा उपभोक्ताको वास्तविक पहिचान गरेर 'प्रतिव्यक्ति एक सिलिन्डर' मात्र दिइने व्यवस्था मिलाउन लागिएको जनाइएको छ । लुम्बिनी प्रदेशका ग्याँस उद्योगबाट आउने ग्याँस अधिकृत विक्रेता/डिलरकहाँ पुगेको परिमाण प्रहरीको रोहवरमा गणना गर्ने र एकिन गरेर मात्र उपभोक्तालाई वितरण गरिने आयल निगमका प्रमुख घिमिरेले बताए । साथै, बजार अनुगमनलाई तीव्र बनाइने उनको भनाई थियो । यस्तै, निगमले अवस्था सामान्य नभएसम्मका लागि नयाँ ग्याँस सिलिन्डर बिक्री पूर्ण रूपमा बन्द गरिने जनाएको छ । सुर्खेतमा ग्याँसको आपूर्ति नै रोकिएको भन्दा पनि अनावश्यक भण्डारण, बिचौलिया/किराना पसलहरूको होल्डिङ र कालोबजारीका कारण कृत्रिम अभाव सिर्जना भएको उपभोक्ताको आरोप छ । प्रशासनले वीरेन्द्रनगरमा आपूर्ति हुने ग्याँसको वितरण पारदर्शी बनाउने र अवैध रूपमा ग्याँस लुकाउने र तोकिएको मूल्यभन्दा बढी रकम लिनेमाथि तत्काल कानुन बमोजिम कडा कारवाही गरिने जनाएको छ ।

थियो । पछिल्लो समय पूरै सिलिन्डर बिक्री थालिए पनि मानिसहरूले पुनः अभाव हुने त्रासले घर-घरमा आवश्यकताभन्दा बढी सिलिन्डर भण्डारण गरेर राखेका छन् । नेपाल आयल निगम प्रादेशिक कार्यालय सुर्खेतका प्रमुख दीपक घिमिरेका अनुसार बजारमा ग्याँसको नियमित र पर्याप्त आपूर्ति भइरहे पनि उपभोक्ताले नपाएको गुनासो आइरहेको छ । किराना पसलहरूले प्रत्येक दिन डिलरमा लाइन लागेर सिलिन्डर लिन थालेपछि वास्तविक उपभोक्ताले ग्याँस पाउन नसकेको घिमिरेले बताए । साथै वीरेन्द्रनगरका डिलरहरूबाट बाहिरी जिल्लाका उपभोक्ताहरूले समेत ग्याँस लैजाने गरेकाले समस्या थप जेलिएको उनको भनाइ छ । वीरेन्द्रनगरका ग्याँस विक्रेता विनोद दाहालका अनुसार सामान्य अवस्थामा यहाँ मासिक २५ देखि २६ हजार वटा पूरा सिलिन्डर खपत हुन्थ्यो भने अहिले माग दोब्बर पुगेको छ । तथ्यांकअनुसार ग्याँस आपूर्ति ठप्प भएको छैन । सबैभन्दा बढी (करिब १ लाख) ग्राहक रहेको भेरी ग्याँसले मात्रै जेठमा ३२ हजार, असारमा ३९ हजार र साउनको एकै हप्तामा झण्डै ७ हजार सिलिन्डर बिक्री गरिसकेको छ । यद्यपि, खाली सिलिन्डर घरमै होल्ड हुनु, किराना व्यापारी तथा एउटै मानिसले पटक-पटक

बाँकी पृष्ठ २

कर्णालीमा एमालेसँग सहकार्य नगर्ने नेकपाको अडानले कँडेलको सत्ता सङ्कटमा

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ७ साउन

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र नेकपा एमालेबिच प्रदेश सत्ता समीकरणको तयारी केन्द्रमा भइरहे पनि कर्णालीमा भने त्यो कार्यान्वयन नहुने अवस्था देखिएको छ । यसअघि पार्टी केन्द्रकै समन्वयमा एमाले संसदीय दलका नेतासमेत रहेका मुख्यमन्त्री यामलाल कँडेलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराइसकेकाले नैतिक हिसाबले पनि अडान यथावत राख्नुपर्ने नेकपा कर्णालीका नेताहरू बताउँछन् ।

नेकपा संसदीय दलदेखि प्रदेश पार्टी कमिटी नै मुख्यमन्त्री कँडेलविरुद्ध



उभिएको देखिन्छ । नेकपा प्रदेश कमिटी अध्यक्ष विमला केसीले नैतिक हिसाबले पनि कर्णालीमा एमालेसँग सहकार्य गर्न असम्भव रहेको बताइन् । 'सामान्य स्थितिमा माथिको कुरा भएन, हाम्रो प्रदेश संसदीय दलदेखि पार्टीले स्वायत्तता प्रयोग गरेर नै यसअघि मुख्यमन्त्रीविरुद्ध अविश्वासको प्रस्तावमा संलग्न भएको हो, उनले भनिन्, 'त्यसको औचित्य समाप्त भएको देखेका छैनौं । हामीले जे गर्‍यौं, त्यो औचित्यसहित गरेका हौं। यहाँको सापेक्षतामा गरेका हौं । त्यसैले अब त्यो कुरा सही हो भन्ने नै छ हाम्रो कुरा ।

एउटा कदम चालिसकेपछि त्यसलाई सफल गराउनु नै उचित ठानिएको पनि केसीले बताइन् । 'हामीले हाम्रो स्वायत्तता पाउनुपर्छ भन्ने हो,' केसीले भनिन्, 'जहाँसम्म वाम

बाँकी पृष्ठ २

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं ।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

नेपाल सरकार

विज्ञापन बोर्ड

सम्पादकीय

व्यवहारमै परिवर्तन ल्याऊ


कर्णाली प्रदेश यतिबेला सार्वजनिक स्वास्थ्यका दुई गम्भीर चुनौतीसँग एकैपटक जुधिरहेको छ । एउटा चुनौती हो, डेङ्गु संक्रमणको तीव्र विस्तार, र अर्को हो, मानसिक स्वास्थ्यसम्बन्धी समस्या बढ्दै जानु, यी दुवै विषयलाई सामान्य मौसमी समस्या वा व्यक्तिगत विषयका रूपमा हेर्ने समय अब समाप्त भइसकेको छ । गत आर्थिक वर्षमा मात्रै प्रदेशभर करिब चार हजार व्यक्तिमा डेङ्गु संक्रमण पुष्टि हुनु चिन्ताको विषय हो । अझ तीमध्ये अधिकांश संक्रमित सुर्खेतमा हुनु झन् गम्भीर अवस्था हो । एक समय तराईको रोग मानिएको डेङ्गु अहिले जलवायु परिवर्तन, तापक्रम वृद्धि, अव्यवस्थित शहरीकरण र सरसफाइमा देखिएको कमजोरीका कारण हिमाली तथा उच्च पहाडी जिल्लासम्म फैलिन थालेको छ । यसले स्वास्थ्य जोखिमको भौगोलिक स्वरूप नै परिवर्तन भइरहेको देखाउँछ ।

डेङ्गु नियन्त्रणका लागि सञ्चालन गरिएका सफा शुक्रबारू जस्ता अभियान सकारात्मक प्रयास हुन्। तर अभियान सञ्चालन गर्नु मात्र पर्याप्त हुँदैन । स्थानीय तह, स्वास्थ्य संस्था र नागरिकबीच प्रभावकारी समन्वय हुन सकेन भने यस्ता कार्यक्रम औपचारिकतामै सीमित हुने खतरा रहन्छ । घर-घरमा पानी जम्न नदिने, लामखुट्टेको प्रजननस्थल नष्ट गर्ने र लक्षण देखिनेबित्तिकै स्वास्थ्य संस्थामा पुग्ने बानीको विकास नगरेसम्म डेङ्गुमाथि विजय हासिल गर्न सकिँदैन । यत्तिकै गम्भीर अर्को विषय मानसिक स्वास्थ्य हो । पछिल्ला वर्षहरूमा तनाव, अवसाद, आत्महत्या र आत्मदाहजस्ता घटनामा देखिएको वृद्धि केवल स्वास्थ्यको विषय मात्र होइन, यो सामाजिक, आर्थिक र पारिवारिक संकटको प्रतिविम्ब पनि हो । अझै पनि मानसिक रोगलाई लुकाउने, सामाजिक लाञ्छनाको डरले उपचार नगर्ने र समयमै परामर्श नलिने प्रवृत्तिले समस्या झन् जटिल बनाइरहेको छ ।

सरकारले मानसिक स्वास्थ्यलाई प्राथमिक स्वास्थ्य सेवासँग जोड्ने तयारी गरेको छ । यो स्वागतयोग्य कदम हो । तर योजना कागजमा सीमित हुनुहुँदैन । गाउँ-टोलसम्म मनोसामाजिक परामर्श सेवा, विद्यालयमा मानसिक स्वास्थ्य शिक्षा, स्थानीय तहमा नियमित परामर्श कार्यक्रम र स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि सँगसँगै अघि बढ्नुपर्छ । सञ्चारमाध्यम, विद्यालय, समुदाय र परिवार सबैले मानसिक स्वास्थ्यप्रति सकारात्मक सोच विकास गर्न भूमिका खेल्न आवश्यक छ । डेङ्गु र मानसिक स्वास्थ्य फरक-फरक समस्या भए पनि समाधानको आधार एउटै छ, समयमै सचेतना, प्रभावकारी रोकथाम, सशक्त सार्वजनिक स्वास्थ्य प्रणाली र नागरिकको सक्रिय सहभागिता । रोग फैलिएपछि उपचारमा मात्र केन्द्रित हुनेभन्दा रोग फैलिनै नदिने रणनीति धेरै प्रभावकारी हुन्छ । मानसिक स्वास्थ्यका समस्या गम्भीर रूप लिनुअघि नै परामर्श र सहयोगको पहुँच सुनिश्चित गर्नु पनि उत्तिकै आवश्यक छ ।

कर्णालीले अब स्वास्थ्य चुनौतीलाई प्रतिक्रियात्मक होइन, पूर्वतयारी सहितको नीतिगत ढंगले सामना गर्नुपर्छ । अन्यथा डेङ्गुको संक्रमण र मानसिक स्वास्थ्य संकटले आगामी दिनमा जनस्वास्थ्य, सामाजिक स्थायित्व र विकासका सबै प्रयासलाई कमजोर बनाउने खतरा बढ्नेछ । स्वस्थ कर्णाली निर्माणका लागि सरकार, स्थानीय तह, स्वास्थ्यकर्मी र नागरिक सबैले साझा जिम्मेवारी बोध गर्दै व्यवहारमै परिवर्तन ल्याउने समय यही हो ।

पुष्पलालको वैचारिक मार्गदर्शनमा कम्युनिष्ट आन्दोलनको पुनर्गठन



✍ आनन्दप्रसाद पोखरेल

पृष्ठभूमि

पुष्पलाल श्रेष्ठ नेपाली कम्युनिस्ट आन्दोलनका सदाबहार वैचारिक व्यक्तित्व हुनुहुन्छ। उहाँले केवल एउटा राजनीतिक दलको नेतृत्व गर्नुभएन, नेपाली क्रान्तिको वैचारिक दिशा निर्धारण गर्नुभयो । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव, नेपाली समाजका पहिलो वैज्ञानिक मार्क्सवादी विश्लेषक, क्रान्तिका सिद्धान्तकार तथा लोकतान्त्रिक गणतन्त्रका दूरदर्शी चिन्तकका रूपमा उहाँ सम्पूर्ण नेपाली कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलनको साझा वैचारिक सम्पत्ति हुनुहुन्छ।

उहाँको ४८औँ स्मृति दिवस र १०२औँ जन्मजयन्ती मनाइरहँदा औपचारिक श्रद्धाञ्जली मात्र पर्याप्त हुँदैन । उहाँका विचार, दस्तावेज र राजनीतिक दृष्टिलाई आजको यथार्थसँग जोडेर पुनः समीक्षा गर्नु नै उहाँप्रतिको सच्चा सम्मान हो । इतिहासको सम्मान भनेको अतीतको स्मरण मात्र होइन, वर्तमानका लागि शिक्षा र भविष्यका लागि सही दिशा खोज्नु पनि हो । आज नेपाली कम्युनिस्ट आन्दोलन विभाजन, व्यक्तिवाद, अवसरवाद, वैचारिक विचलन र सत्ता-केन्द्रित राजनीतिका चुनौतीसँग जुधिरहेको छ । यस्तो अवस्थामा स्वाभाविक प्रश्न उठ्छ-पुष्पलाल आज जीवित हुनुहुन्थ्यो भने यस अवस्थालाई कसरी मूल्याङ्कन गर्नुहुन्थ्यो र आन्दोलनको पुनर्गठनलाई कुन वैचारिक तथा राजनीतिक दिशामा अघि बढाउनुहुन्थ्यो? यी प्रश्नहरूको उत्तर खोज्नु केवल बौद्धिक अभ्यास होइन, नेपाली कम्युनिस्ट आन्दोलनको भविष्यसँग जोडिएको ऐतिहासिक आवश्यकता हो ।

पुष्पलाल : नेपाली मार्क्सवादका पहिलो मौलिक व्याख्याकार

पुष्पलाल श्रेष्ठको जन्म वि.सं. १९८१ असार १५ गते रामेछापको भँगेरीमा भएको थियो र वि.सं. २०३५ साउन ७ गते उहाँको निधन भयो । राणाशाहीको निरंकुश शासन, सामाजिक विभेद, सामन्ती शोषण र राष्ट्रिय पराधीनताका बीच उहाँले नेपालको राजनीतिक इतिहासमा नयाँ युगको सूत्रपात गर्दै परिवर्तनलाई वैज्ञानिक वैचारिक आधार प्रदान गर्नुभयो । उहाँको विशेषता केवल क्रान्तिको सपना देख्नु होइन, त्यसलाई वैज्ञानिक सिद्धान्त, ऐतिहासिक विश्लेषण र नेपाली यथार्थसँग जोडेर कार्यदिशा निर्माण गर्नु थियो । उहाँले मार्क्सवादलाई यान्त्रिक रूपमा नक्कल गर्नुभएन, नेपालको इतिहास, सामाजिक संरचना, आर्थिक सम्बन्ध, वर्गीय अवस्था र राष्ट्रिय स्वाधीनताका प्रश्नलाई मार्क्सवादी पद्धतिबाट मौलिक ढंगले विश्लेषण गर्नुभयो ।

उहाँले नेपाली समाजलाई अर्धसामन्ती र अर्धऔपनिवेशिक चरित्रको समाजका रूपमा व्याख्या गर्दै नयाँ जनवादी क्रान्तिको कार्यदिशा प्रस्तुत गर्नुभयो । यसको तत्कालीन लक्ष्य राष्ट्रिय स्वतन्त्रता, जनतान्त्रिक अधिकार र सामन्तवादको अन्त्य तथा दीर्घकालीन लक्ष्य समाजवाद र साम्यवादतर्फको यात्रा थियो । यही मौलिक विश्लेषणले नेपाली कम्युनिस्ट आन्दोलनलाई आफ्नै माटोमा उभ्यायो र पुष्पललाई नेपाली मार्क्सवादका पहिलो मौलिक व्याख्याकारका रूपमा स्थापित गरायो ।

२००६ सालमा नेकपा स्थापना र घोषणापत्र

वि.सं. २००६ साल वैशाख १० गते नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो । यो केवल अर्को राजनीतिक दलको जन्म थिएन, नेपालको राजनीतिक इतिहासमा वैज्ञानिक समाजवादको औपचारिक प्रवेश थियो । त्यसैँगै प्रकाशित पार्टीको घोषणापत्र नेपाली कम्युनिस्ट आन्दोलनको आधारभूत वैचारिक दस्तावेज बन्यो ।

घोषणापत्रले नेपालको वर्गीय चरित्र, आर्थिक संरचना, राजनीतिक अवस्था र अन्तर्राष्ट्रिय प्रभावको वैज्ञानिक विश्लेषण गर्दै राष्ट्रिय स्वाधीनता, सामन्तवादको अन्त्य, जनताको लोकतान्त्रिक अधिकार, किसान-श्रमिकको नेतृत्व तथा सामाजिक न्यायमा आधारित नयाँ राज्य निर्माणको स्पष्ट कार्यदिशा प्रस्तुत गऱ्यो । राजतन्त्र शक्तिशाली रहेको समयमा पनि यसले जनसार्वभौमिकतालाई केन्द्रमा राख्दै लोकतान्त्रिक गणतन्त्रको वैचारिक आधार निर्माण गऱ्यो। वि.सं. २००५ सालमै पुष्पलालले विश्वप्रसिद्ध कम्युनिस्ट घोषणापत्र नेपालीमा अनुवाद गरी नेपाली पाठकलाई अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनसँग परिचित गराइसक्नुभएको थियो । त्यसको एक वर्षपछि नेपाली यथार्थअनुकूल घोषणापत्रसहित नेकपा स्थापना गर्नु उहाँको असाधारण वैचारिक दूरदर्शिताको परिचायक थियो । पहिलो र दोस्रो महाधिवेशनसम्म उहाँका विचार अनुमोदित भए पनि अवसरवादी र करियरवादी प्रवृत्तिका कारण उहाँ नेतृत्वमा पुग सक्नुभएन । अन्ततः वि.सं. २०१९ सालको तेस्रो महाधिवेशनमा उहाँ अल्पमतमा पर्नुभयो । नेकपाको तेस्रो राष्ट्रिय सम्मेलन र 'मूल बाटो' वि.सं. २०१९ सालपछिको वैचारिक विवादका बीच पुष्पलाल श्रेष्ठले प्रस्तुत गर्नुभएको 'मूल बाटो' लाई वि.सं. २०२५ सालमा उहाँकै नेतृत्वमा सम्पन्न नेपाल कम्युनिस्ट पार्टीको तेस्रो राष्ट्रिय सम्मेलनले नेपाली क्रान्तिको राजनीतिक मार्गदर्शक दस्तावेजका रूपमा औपचारिक मान्यता दियो । सम्मेलनले नयाँ जनवादी क्रान्तिलाई नेपालको क्रान्तिको कार्यदिशा तथा मार्क्सवाद-लेनिनवादलाई पार्टीको मार्गदर्शक सिद्धान्तका रूपमा पुनः पुष्टि गऱ्यो । साथै, सामन्तवाद, निरंकुश राजतन्त्र र साम्राज्यवादविरुद्ध लोकतान्त्रिक, देशभक्त, वामपन्थी तथा नेपाली काग्रेसलगायत परिवर्तनकारी शक्तिसँग न्यूनतम साझा कार्यक्रमका आधारमा संयुक्त मोर्चाको नीति अवलम्बन गर्दै सिद्धान्तमा आधारित कम्युनिस्ट एकता, सामूहिक नेतृत्व, संगठनात्मक अनुशासन र जनआधारित आन्दोलनको आधार निर्माण गऱ्यो । यसरी 'मूल बाटो' नेपाली कम्युनिस्ट आन्दोलनको वैचारिक पुनर्गठनको घोषणापत्रका रूपमा स्थापित भयो । व्यक्ति होइन नीति, सिद्धान्त र जनहितलाई केन्द्रमा राख्ने यसको दृष्टिले अवसरवाद, गुटवाद र व्यक्तिपूजाविरुद्ध सिद्धान्तनिष्ठ आन्दोलन निर्माणको स्पष्ट मार्गदर्शन गऱ्यो । यही कारण 'मूल बाटो' आज पनि पुष्पलालको सबैभन्दा मौलिक, परिपक्व र सान्दर्भिक वैचारिक योगदानका रूपमा सम्मानित छ ।

जनआन्दोलन : इतिहासले प्रमाणित गरेको दूरदर्शी कार्यदिशा

पुष्पलाल श्रेष्ठको राजनीतिक दूरदृष्टिको सबैभन्दा महत्त्वपूर्ण योगदान निरंकुश व्यवस्थाविरुद्ध संयुक्त जनआन्दोलनको अवधारणा हो । यो तत्कालीन राजनीतिक कार्यनीति मात्र होइन, नेपाली समाजको वस्तुगत यथार्थको वैज्ञानिक विश्लेषणबाट विकसित रणनीतिक कार्यदिशा थियो । नेपालजस्तो बहुवर्गीय र बहुजातीय समाजमा लोकतान्त्रिक परिवर्तन कुनै एक दलबाट सम्भव हुँदैन भन्ने निष्कर्षका आधारमा उहाँले लोकतान्त्रिक, प्रगतिशील र देशभक्त शक्तिहरूबीच न्यूनतम साझा उद्देश्यमा आधारित राजनीतिक एकताको आवश्यकता औँल्याउनुभयो । २०१७ सालको प्रतिगमनपछि धेरै कम्युनिस्ट धाराहरू एकल संघर्ष वा सशस्त्र विद्रोहतर्फ उन्मुख भइरहेका बेला पुष्पलालले व्यापक संयुक्त जनआन्दोलनको नीति अघि सार्नुभयो । कतिपयले यसलाई संशोधनवाद भने पनि उहाँका लागि यो वर्गसंघर्षको परित्याग होइन, तत्कालीन मुख्य अन्तरविरोधको सही पहिचानमा आधारित यथार्थवादी रणनीति थियो । इतिहासले पनि उहाँको दृष्टिलाई सही साबित गऱ्यो । २०४६ सालको जनआन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य गऱ्यो भने २०६२/०६३ को संयुक्त आन्दोलनले राजतन्त्रको अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गऱ्यो । यसरी संयुक्त जनआन्दोलनको अवधारणा नेपाली इतिहासले प्रमाणित गरेको दूरदर्शी राजनीतिक कार्यदिशा बन्यो ।

पुष्पलालदेखि मदन भण्डारीसम्म : वैचारिक विकासक्रम

पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी र मदन भण्डारी नेपाली कम्युनिस्ट आन्दोलनका परस्पर पूरक तीन वैचारिक शिखर हुन् । पुष्पलालले आन्दोलनको वैचारिक आधारशिला, नयाँ जनवादी क्रान्तिको कार्यदिशा, संयुक्त संघर्ष र राष्ट्रिय स्वाधीनताको मार्ग निर्माण गर्नुभयो । मनमोहन अधिकारीले त्यसलाई जनआधारित शासन, लोकतान्त्रिक अभ्यास र जनविश्वासमार्फत व्यवहारमा स्थापित गर्नुभयो। बदलिँदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिमा मदन भण्डारीले जनताको बहुदलीय जनवाद (जबज) प्रतिपादन गर्दै समाजवादलाई बहुदलीय प्रतिस्पर्धा, नागरिक स्वतन्त्रता, राष्ट्रिय स्वाधीनता र जनसहभागितासँग जोडेर युगानुकूल वैचारिक विकास गर्नुभयो ।

कर्णालीमा...

एकताको विषय छ, त्यसको विरोध हामीले गरेका छैनौं । वामपन्थी एकै ठाउँमा हुनुपर्छ, त्यो कुराको विरोध हुनै सक्दैन।' यद्यपि देखिने गरी र महसुस हुने गरी केपी शर्मा ओली र एमालेले नेकपासँग सहमति गर्नुपर्ने उनले बताइन् ।

त्यस्तो खालको स्थिति भयो भने मात्र एमालेसँग सहकार्य गर्नुपर्ने उनको बुझाइ छ । ' अहिलेसम्म त केही पनि प्रगति देखिँदैन, फेरि पनि उही कुरा टालटुल छ, ओलीको दम्भ र घमण्ड उस्तै छ ।

त्यो स्थितिमा त कसरी अगाडि बढ्न सक्छ र? यथास्थितिलाई तोड्ने गरी काम गर्नुपर्छ,' उनले भनिन् ।

त्यसैले कर्णालीमा नेकपाको अडान कायमै हुने केसीको दाबी छ । 'यो नैतिकताको कुरा पनि त हुन्छ । हामीले एउटा हिसाबले यसअघि अविश्वासको प्रस्ताव दर्ता गरिसकेका छौं,' उनले अगाडि भनिन्, 'अर्को कुरा, मुख्यमन्त्रीले प्रदेशमा नेकपासँग सहकार्यको चासो नै राखेको देखिएन । नेकपाको पनि अस्तित्व छ भन्ने त व्यवहार नै भएन ।

मुख्यमन्त्री कँडेलको व्यवहारका कारण पनि नेकपाले सापेक्षतामा उचित नै निर्णय गरेको केसी बताउँछिन् उक्त निर्णयबाट पछि हट्ने कुरा राम्रो नहुने पनि उनको भनाइ छ ।

'हाम्रो निष्कर्ष त्यो हो, अहिले हामीलाई त्यस्तो कुनै जानकारी आएको छैन,' उनले भनिन्, 'प्रदेश पार्टी र संसदीय दल दुवै यहाँभन्दा अगाडिको लाइनमा स्पष्ट छन्, एक ठाउँमा छन् । हामीले हाम्रो सापेक्षतामा गरेको निर्णय सही छ ।

सोही अनुसार बिहीबार बिहान बसेको नेकपा संसदीय दलको बैठकले पनि मुख्यमन्त्री यामलाल कँडेलविरुद्ध दर्ता गराएको अविश्वासको प्रस्तावको पक्षमा मतदान गर्ने निर्णय गरेको छ । नेकपा संसदीय दलका प्रमुख सचेतक कृष्णबहादुर जिसीले यसअघिकै लाइन अनुसार मुख्यमन्त्रीविरुद्ध दर्ता गराएको अविश्वासको प्रस्तावको पक्षमा मतदान गर्ने निर्णय भएको बताए । 'हामीले यसअघि नै उहाँमाथि विश्वास छैन भनेर पत्र दर्ता गरिसकेका छौं,' उनले भने, 'फेरि अर्को निर्णय गर्ने भन्ने हुँदैन ।

गत बिहीबार नेपाली काग्रेस र नेकपा मिलेर मुख्यमन्त्री कँडेलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराएका हुन् । यसअघि बुधबार बसेको काग्रेस संसदीय दलको बैठकले पनि मुख्यमन्त्रीविरुद्धको अविश्वासको प्रस्तावको पक्षमा मतदान गर्ने निर्णय गरिसकेको छ । 'हामीले नेकपासँगको सहकार्यमा यस्तो निर्णय गरेका हौं,' काग्रेस संसदीय दलका प्रमुख सचेतक हिक्मत विष्टले भने, 'नेकपा तयार हुनुपर्छ, हामी तयार नै छौं ।

यदि नेकपा आफ्नो यसअघिको अडानमा कायम रहे मुख्यमन्त्री कँडेलको सत्ता गुम्ने निश्चित छ । ४० सदस्यीय कर्णाली प्रदेश सभामा सरकार बनाउन कम्तीमा २० सिट आवश्यक पर्छ। प्रदेश सभामा नेकपाको १४ र नेपाली काग्रेसको १५ सिट छ । यद्यपि एमाले भने अझै पनि केन्द्रको निर्णयको प्रतीक्षामा छ ।

'माथिबाट आज निर्णय आउला,' सरकारका प्रवक्ता विनोदकुमार शाहले भने ।

केन्द्रबाट आएको निर्णय नेकपा कर्णालीले कार्यान्वयन गर्छ वा गर्दैन भन्ने विषय प्रमुख छ । अहिलेसम्मको गतिविधि हेर्दा माथिबाट पनि कर्णालीमा छुट्टै अर्को निर्णय आउने सम्भावना कमै रहेको पूर्वअर्थमन्त्री समेत रहेका नेकपा नेता विन्दमान विष्ट बताउँछन् । कर्णालीमा यसअघि पनि केन्द्रलाई समेत प्रभावित पार्ने राजनीतिक घटनाक्रम भइरहेका छन् ।

साविक नेकपा विभाजनको थलो पनि कर्णाली नै हो भने त्यसका कारण एमाले नै दुई टुक्रा भएको थियो । त्यसैले नेकपा कर्णालीले पार्टी केन्द्रको लाइनविरुद्ध विद्रोह गर्न सक्ने आकलन पनि कतिपयले गरेका छन् । तथापि केन्द्रबाट पनि अहिलेसम्म कुनै आधिकारिक निर्देशन भने आएको छैन ।

यसैबिच, बिहीबार दिउँसो ३ बजेका लागि बोलाइएको प्रदेश सभा बैठक नबसीकन स्थगित भएको छ । सभामुख नन्दा गुरुङले विशेष कारण देखाउँदै बिहीबार बैठक बस्न नसकेको बताएकी छिन् ।

अविश्वासको प्रस्तावका सम्बन्धमा कार्यव्यवस्था समितिको बैठकमा छलफल भएर मिति तय गरिएको छ । जसअनुसार आगामी प्रदेश सभा बैठक साउन ९ गते शनिबार दिउँसो ३ बजेका लागि बोलाइएको छ ।

आफू...

लाइनमा बसेर सिलिन्डर थुपार्नुले पनि ग्याँसको कृत्रिम अभाव देखिएको जनाइएको छ । यस्तै, पहाडी जिल्ला (जस्तैः कालिकोट, दैलेख, जुम्ला) लगायतका जिल्लामा जाने सिलिन्डरहरू गाडीको कोटा नपुगुन्जेल सुर्खेतमै रोकिनुले आपूर्ति चक्र खलबलिएको छ । ग्याँसको कृतिम अभावसँगै कालोबजारी समेत भइरहेको छ । आयल निगम प्रमुख घिमिरेका अनुसार वीरेन्द्रनगर-१० स्थित सूर्योदय बोर्डिङ स्कूल नजिकैको आरसी किराना पसलले सरकारले तोकेको मूल्य दुई हजार ६० मा तीन सय ४० रुपैयाँसम्म असुलेको पाइएको छ ।

घिमिरेका अनुसार किराना पसलका व्यापारीले राति ३ बजेदेखि लाइन बसेर ग्याँस लिने र ढुवानी खर्चवापत भन्दै बढी रकम लिएको पाइएको हो । ग्याँसको कृतिम अभाव सिर्जना भएपनि वीरेन्द्रनगरमा डेरा भाडामा बस्ने विद्यार्थी तथा विपन्न समुदायका नागरिक मारमा परेका छन् ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

३१ कृषक समूहलाई प्रशोधन मेसिन वितरण

❐ काँक्रेविहार संवाददाता

हुम्ला, ७ साउन

खार्पुनाथ गाउँपालिकाले रैथाने बालीको उत्पादन, संरक्षण र मूल्य अभिवृद्धिलाई प्रोत्साहन गर्ने उद्देश्यले कृषक समूह तथा सहकारी संस्थालाई कृषि प्रशोधन मेसिन वितरण गरेको छ।

आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत गाउँपालिकाले कृषि यान्त्रिकीकरणलाई प्राथमिकता दिँदै विभिन्न प्रकारका प्रशोधन उपकरण हस्तान्तरण गरेको हो।

गाउँपालिकाका अनुसार स्थानीय स्तरमै उत्पादन हुने धान, कोदो, फापर, चिनो, कागुनोलगायत रैथाने बालीको प्रशोधन सहज बनाउन ३१ वटा कृषक समूह र सहकारी संस्थालाई १७ वटा कम्बाइन राइस मिल, छ वटा मल्टिक्रप थ्रेसर, पाँच वटा कोदो थ्रेसर तथा तिन वटा फ्लोर मिल उपलब्ध गराइएको छ। कृषि प्राविधिक हर्कवीर रावलले आधुनिक उपकरणको प्रयोगबाट बालीको चुटानी, कुटानी र पिसानी छिटो, सहज तथा गुणस्तरीय रूपमा गर्न सकिने बताए। उनका अनुसार यसले परम्परागत श्रममा आधारित कृषि प्रणालीलाई क्रमशः विस्थापित गर्दै आधुनिक प्रविधिको प्रयोग बढाउन सहयोग पुऱ्याउनेछ। साथै कृषकको समय, श्रम र उत्पादन लागत घटाउन पनि यी उपकरण प्रभावकारी हुने अपेक्षा गरिएको छ।



गाउँपालिका अध्यक्ष कर्णबहादुर रावलले रैथाने बालीको संरक्षणसँगै उत्पादन बढाउने र कृषिजन्य वस्तुको मूल्य अभिवृद्धि गर्ने लक्ष्यसहित कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए। उनले वितरण गरिएका उपकरण छिट्टै सञ्चालनमा ल्याइने र त्यसबाट स्थानीय कृषक प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास व्यक्त गरे।

गाउँपालिकाका अनुसार प्रशोधनका लागि बाहिरी जिल्लामा निर्भर हुनुपर्ने अवस्था अन्त्य गर्दै स्थानीय स्तरमै सेवा उपलब्ध गराउने योजना रहेको छ। यसले कृषि उत्पादनलाई बजारसँग जोड्न, प्रशोधन उद्योगको विकास गर्न तथा कृषकको आम्दानी वृद्धि गर्न महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ। कार्यक्रममा सहभागी कृषक तथा सहकारी संस्थाका प्रतिनिधिहरूले गाउँपालिकाको पहलले खेती प्रणालीलाई थप आधुनिक, प्रभावकारी र व्यावसायिक बनाउन सहयोग पुग्ने बताएका छन्। उनीहरूले यस्ता कार्यक्रमलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिन आग्रह गरेका छन्।

खार्पुनाथ गाउँपालिकाले कृषि आधुनिकीकरण, यान्त्रिकीकरण तथा रैथाने बालीको संरक्षण र बजारीकरणलाई आगामी वर्षहरूमा पनि उच्च प्राथमिकतामा राख्दै कृषकमैत्री कार्यक्रम सञ्चालन गर्ने जनाएको छ।

कारागारलाई पत्रकार विराट अनुपमको पुस्तक सहयोग

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ७ साउन

कर्णाली कारागारमा कैदीबन्दीलाई अध्ययनतर्फ आकर्षित गर्ने उद्देश्यले सञ्चालन भइरहेको पुस्तक अभियानमा पत्रकार तथा लेखक विराट अनुपमले आठ दर्जन पुस्तक सहयोग गरेका छन्।

उनले साहित्य, कथा, कविता, जेलजीवन, राजनीतिक विचार, सिद्धान्त, व्यावसायिक सीप, उत्प्रेरणा र सकारात्मक सोचसम्बन्धी पुस्तक उपलब्ध गराएका हुन्।

कारागार पुस्तक अभियानका संयोजक तथा प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआईजी जयराज सापकोटाले पुस्तकले कैदीबन्दीलाई कारागारबाट निस्कँदा ज्ञान र सकारात्मक सन्देश लिएर बाहिरिन सहयोग गर्ने बताए।

'पुस्तकले उनीहरूलाई जीवनप्रति प्रेरित गर्नेछ। नकारात्मक सोचको रोकथाम अब किताबले गर्नेछ,' उनले भने, 'कारागारबाट निस्केपछि फेरि अपराधमा फर्कने सोच हटाउन पनि किताबले ठूलो भूमिका खेल्नेछ।'



अभियानका उपसंयोजक तथा पत्रकार ज्योति कटुवालका अनुसार विभिन्न व्यक्ति, लेखक तथा संघसंस्थाबाट पुस्तक संकलन गरी कैदीबन्दीलाई अध्ययनको अवसर उपलब्ध गराइएको छ। उनका अनुसार अभियान २०७५ चैत २३ मा तत्कालीन प्रहरी नायब महानिरीक्षक महेशविक्रम शाहको संयोजकत्वमा सुरु भएको हो।

कटुवालका अनुसार अभियानमार्फत कर्णाली प्रदेशका १० जिल्लाका १४ वटा हिरासतमा ४० हजारभन्दा बढी पुस्तक हस्तान्तरण भइसकेका छन्। 'पुस्तक ज्ञान, चेतना र आत्मपरिवर्तनको माध्यम हो।

कारागारमा रहेका व्यक्तिहरूलेपनिअध्ययनमार्फत नयाँ सोच र जीवनप्रति सकारात्मक दृष्टिकोण विकास गर्न सकून् भन्ने उद्देश्यले अभियान सञ्चालन गरिएको हो,' उनले भनिन्।

कारागार कार्यालयका जेलर लक्ष्मी खरेलले पुस्तकले कैदीबन्दीको व्यवहारमा परिवर्तन ल्याएको बताइन्। उनका अनुसार पुस्तक अभियान सुरु भएपछि कारागारभित्र हुने दैनिक झैझगडा पनि कम भएको छ।

कर्णाली कारागारमा सञ्चालित अभियान अन्तर्गत विभिन्न विधाका पुस्तक संकलन गरी कैदीबन्दीका लागि पुस्तकालय विस्तार गर्ने काम भइरहेको छ।

वित्तीय संघीयता सुदृढ बनाउन संरचनागत सुधारको माग

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ७ साउन

कर्णाली प्रदेशमा वित्तीय सुशासन, सार्वजनिक खरिद प्रक्रिया र बजेट पारदर्शितामा देखिएका संरचनागत कमजोरी तत्काल सुधार गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन्।

सुर्खेतमा तीन दिनसम्म सञ्चालन भएको 'वित्तीय सुशासन सम्बन्धी प्रादेशिक संवाद' मा सहभागी युवाहरू, जनप्रतिनिधि, नागरिक समाजका प्रतिनिधि तथा सरकारी निकायका अधिकारीहरूले वित्तीय संघीयतालाई प्रभावकारी बनाउन नीतिगत तथा संस्थागत सुधार आवश्यक रहेको निष्कर्ष निकालेका हुन्।

युवा नेतृत्वमा सञ्चालित नागरिक समाज संस्था प्रोजेक्ट अभयले आफ्नो युथ फिस्कल अकाउन्टबिलिटी नेटवर्क (वाईफान) मार्फत आयोजना गरेको उक्त संवादमा कर्णाली र सुदूरपश्चिम प्रदेशका युवाहरू, नागरिक समाजका प्रतिनिधि तथा जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा वीरेन्द्रनगर नगरपालिकाका वडा अध्यक्ष दिनेश खत्री, कर्णाली प्रदेशसभा सदस्य तुलसा मल्ल, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रतिनिधि, KIRDARC तथा अन्य नागरिक समाज संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

संवादका क्रममा सहभागीहरूले राष्ट्रिय वित्तीय अनुसन्धानका निष्कर्षहरूको समीक्षा गर्नुका साथै अन्तरक्रियात्मक बजेट विनियोजन अभ्यासमा समेत सहभागिता जनाएका थिए।

कार्यक्रममा वित्तीय संघीयताको वर्तमान अवस्था, स्थानीय तहको बजेट चक्र, प्रदेशको राजस्व क्षमता तथा सार्वजनिक वित्त व्यवस्थापनका चुनौतीबारे विस्तृत छलफल गरिएको थियो।

हृत्ति फाउन्डेसनका दिनेश गौतमले सञ्चालन गरेको विज्ञ सत्रमा वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयनका लागि सार्वजनिक खरिद प्रक्रिया समयमै सम्पन्न हुनुपर्ने, सरकारका विभिन्न तहबीच समन्वय मजबुत हुनुपर्ने तथा भ्रष्टाचार नियन्त्रणलाई उच्च प्राथमिकता दिनुपर्ने विषयमा जोड दिइएको थियो।

सहभागीहरूले ढिलो खरिद प्रक्रिया, अन्तरसरकारी समन्वयको अभाव र भ्रष्टाचार वित्तीय सुशासनका प्रमुख अवरोधका रूपमा रहेको धारणा व्यक्त गरेका थिए।

कार्यक्रममा शिक्षा विकास निर्देशनालयका मिलनकुमार शर्माले बजेट निर्माण प्रक्रियामाथि प्रश्न उठाउँदै बजेट तथ्य र वास्तविक आवश्यकताका आधारमा निर्माण हुन नसकेको टिप्पणी गरे।

उनले "हाम्रो बजेट तथ्यमा आधारित भएर बन्दैन।

बजेट विनियोजनलाई यस क्षेत्रको वास्तविक आवश्यकतामा आधारित बनाउन आवश्यक छ," भन्दै योजनामुखीभन्दा आवश्यकतामुखी बजेट प्रणाली विकास गर्नुपर्ने धारणा राखे।

संवादका क्रममा प्रोजेक्ट अभयका सहजकर्ता इशिका पन्त र निपुण न्यौपानेले रुट-कज एनालाइसिस तथा प्रब्लम-ट्री एनालाइसिस सत्र सञ्चालन गर्दै प्रदेशस्तरमा वित्तीय सुशासनका प्रमुख समस्याहरू पहिचान गर्न सहभागीहरूलाई सहजीकरण गरेका थिए।

उक्त अभ्यासमार्फत वित्तीय व्यवस्थापनका चुनौतीहरूको मूल कारण पहिचान गरी सुधारका व्यावहारिक एजेन्डा तयार गर्ने प्रयास गरिएको आयोजकले जनाएको छ। त्यसैगरी, ईन्क्ए/ग्लम्ए की प्रादेशिक कार्यक्रम समन्वय विश्लेषक रीता बी.सी.ले सामाजिक जवाफदेहिता, सूचनाको हक ९च्क्० तथा सार्वजनिक सुनुवाइ जस्ता विषयमा व्यावहारिक सत्र सञ्चालन गर्दै सार्वजनिक संस्थाहरूको पारदर्शिता र नागरिक सहभागिता अभिवृद्धि गर्ने उपायबारे प्रशिक्षण दिएकी थिइन्।

संवादबाट संकलित निष्कर्ष, सुझाव तथा नीतिगत सिफारिसहरूलाई 'वित्तीय शासनमा प्रादेशिक दृष्टिकोण' शीर्षकको प्रकाशनमार्फत सार्वजनिक गरिने आयोजक प्रोजेक्ट अभयले जनाएको छ। उक्त प्रकाशनमा प्रदेशस्तरमा वित्तीय सुशासन सुधारका लागि सहभागीहरूले दिएका सुझाव र अनुभव समेटिने जनाइएको छ।

सन् २०२४ मा स्थापना भएको प्रोजेक्ट अभय युवा नेतृत्वमा सञ्चालित नागरिक समाज संस्था हो। संस्थाले युवाहरूलाई वित्तीय सुशासन, सार्वजनिक जवाफदेहिता र नीति निर्माण प्रक्रियामा सहभागी गराउने उद्देश्यका साथ विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ।

कार्यसम्पादनमा सल्यान प्रहरी उत्कृष्ट

❐ काँक्रेविहार संवाददाता

सल्यान, ७ साउन

जिल्ला प्रहरी कार्यालय सल्यानले असार महिनाको कार्यसम्पादन मूल्याङ्कनमा देशभरका 'घ' वर्गअन्तर्गतका २५ जिल्ला प्रहरी कार्यालयमध्ये पहिलो स्थान हासिल गरेको छ।

नेपाल प्रहरी प्रधान कार्यालयले गरेको मासिक कार्यसम्पादन मूल्याङ्कनमा उत्कृष्ट अंक प्राप्त गर्दै सल्यान प्रहरी देशकै उत्कृष्ट जिल्ला प्रहरी कार्यालय बन्न सफल भएको हो। केही महिनाअघि १९औँ स्थानमा रहेको जिल्ला प्रहरी कार्यालय सल्यानले निरन्तर सुधार गर्दै जेठ महिनाको मूल्याङ्कनमा दोस्रो स्थान हासिल गरेको थियो। त्यसपछि असार महिनामा सबैभन्दा बढी अंक प्राप्त गर्दै पहिलो स्थानमा उक्लिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी निरीक्षक देवराज भट्टराईले जानकारी दिए।

उनका अनुसार प्रहरी नेतृत्वको प्रभावकारी समन्वय, सम्पूर्ण प्रहरी कर्मचारीको सक्रियता तथा शान्ति-सुरक्षा कायम गर्न गरिएको निरन्तर प्रयासका कारण यो सफलता हासिल भएको हो। उनले यस उपलब्धिले प्रहरी संगठनलाई थप जिम्मेवार र नागरिकप्रति उत्तरदायी भएर सेवा प्रवाह गर्न प्रेरणा मिलेको बताए।

नेपाल प्रहरी प्रधान कार्यालयले प्रत्येक महिना जिल्ला प्रहरी कार्यालयहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने गर्दछ। मूल्याङ्कनका क्रममा अपराध नियन्त्रण तथा अनुसन्धान, शान्ति-सुरक्षा व्यवस्थापन, सेवा प्रवाह, प्रशासनिक अनुशासन, मानवअधिकारको पालना, नागरिकसँगको समन्वय, फरार प्रतिवादी पक्राउ, राजस्व असुली, विपद् व्यवस्थापन, जनगुनासो फछ्र्योट तथा आन्तरिक अनुशासनलगायतका विभिन्न सूचकलाई आधार बनाइन्छ।

ती सबै सूचकमा प्रभावकारी कार्यसम्पादन गर्दै सल्यान प्रहरीले छोटो अवधिमै उल्लेखनीय सुधार गरेको हो। कार्यालयले आगामी दिनमा पनि शान्ति-सुरक्षा कायम राख्दै अपराध नियन्त्रण, अनुसन्धानलाई थप प्रभावकारी बनाउने तथा नागरिकमैत्री प्रहरी सेवा विस्तारलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ।

प्रहरीका अनुसार प्राप्त उपलब्धिले जिल्लामा सुरक्षा व्यवस्थापनलाई अझ सुदृढ बनाउन थप ऊर्जा र जिम्मेवारीबोध गराएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

कर्णालीमा ट्राफिक कारबाहीबाट तीन करोड ४१ लाख राजस्व



काँक्रेविहार संवाददाता
सुर्खेत, ७ साउन

नेपाल प्रहरी कर्णाली प्रदेश राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा ट्राफिक नियम उल्लङ्घन गर्ने ३८ हजार आठ सय ८५ सवारी साधनलाई कारबाही गर्दै रु तिन करोड ४१ लाख राजस्व सङ्कलन गरेको जनाएको छ।

कार्यालयका प्रमुख प्रहरी उपरीक्षक मुकुन्दप्रसाद रिजालले बुधबार वीरेन्द्रनगरमा आयोजित पत्रकार सम्मेलनमा उक्त जानकारी दिँदै अघिल्लो आर्थिक वर्षको तुलनामा सवारी कारबाही र राजस्व दुवैमा कमी आएको बताए। उनका अनुसार आर्थिक वर्ष २०८१/८२ मा ४९ हजार नौ सय ६४ सवारीसाधन कारबाहीमा पर्दा रु तिन करोड ६७ लाख ४३ हजार राजस्व सङ्कलन भएको थियो।

प्रहरी उपरीक्षक रिजालले कारबाही र राजस्व घट्नु सकारात्मक संकेत भएको उल्लेख गर्दै ट्राफिक प्रहरीले राजस्व सङ्कलनभन्दा सडक सुरक्षालाई प्राथमिकतामा राखेको बताए ।

"हाम्रो उद्देश्य राजस्व उठाउनु होइन, चालकलाई ट्राफिक नियम पालना गराई सवारी दुर्घटना न्यूनीकरण गर्नु हो, उनले भने। उनका अनुसार गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा सवारी कारबाही २३ प्रतिशत र राजस्व सङ्कलन २० प्रतिशतले घटेको छ।

कर्णाली प्रदेशमा दैनिक औसत एक सय एक वटा सवारीसाधन दर्ता हुने गरेको तथ्याङ्क प्रस्तुत गर्दै प्रहरी उपरीक्षक रिजालले प्रदेशमा सवारी दुर्घटनाको दर ३.२७ प्रतिशत रहेको जानकारी दिए। जिल्ला अनुसारको विवरणमा सुर्खेतमा सबैभन्दा बढी छ सय ९० वटा सवारी दुर्घटना भएको छ भने मुगुमा सबैभन्दा कम १७ वटा दुर्घटना भएका छन्।

प्रदेशभर हाल एक हजार तिन सय ८४ किलोमिटर कालोपत्रे, एक हजार एक सय ९४ किलोमिटर ग्राभेल तथा सात हजार एक सय आठ किलोमिटर कच्ची सडक गरी कुल नौ हजार छ सय ८७ किलोमिटर सडक सञ्जाल रहेको छ। यी सडकमा सवारी व्यवस्थापनका लागि प्रदेशभर दुई सय १५ जना ट्राफिक प्रहरी कार्यरत छन्।

कुल १६ लाख ९४ हजार आठ सय ८९ जनसङ्ख्याका आधारमा एक ट्राफिक प्रहरीले औसत ४५ किलोमिटर सडक क्षेत्रको जिम्मेवारी सम्हाल्नुपर्ने अवस्था रहेको प्रहरीले जनाएको छ।

प्रहरीको अध्ययनअनुसार कर्णालीमा २६ देखि ४० वर्ष उमेर समूहका चालक संलग्न दुईपाङ्ग्रे सवारी दुर्घटना सबैभन्दा बढी हुने गरेका छन्। विशेषगरी तीव्र गतिका कारण अपराह्न १२ बजेदेखि साँझ छ बजेसम्म दुर्घटनाको जोखिम उच्च रहने गरेको प्रहरीको विश्लेषण छ।

ट्राफिक सचेतना अभिवृद्धिका लागि आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर आठ हजार दुई सय ७८ पटक जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो। ती कार्यक्रममार्फत पाँच लाख ६९ हजार दुई सय छ जना नागरिक प्रत्यक्ष रूपमा लाभान्वित भएको कार्यालयले जनाएको छ।

प्रहरीले ट्राफिक नियमको प्रभावकारी कार्यान्वयन, चालकमा सचेतना वृद्धि तथा सडक सुरक्षामा सबै पक्षको सहकार्यबाट दुर्घटना न्यूनीकरण गर्ने अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिने जनाएको छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/०८

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री नेहा मिदुन** धनी रहेको, **दर्ता नम्बर** ८९७९/०७८/०७९ बाट **लेकवेशी-३ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **नेहा कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

नेपाल रेडक्रस सोसाइटी

कर्णाली प्रदेश कार्यालय

राहत सामग्री खरीद सम्बन्धी शिलवन्दी बोलपत्र आह्वानको सूचना

(पहिलो पटक सूचना प्रकाशित मितिः २०८३/०४/०८)

नेपाल रेडक्रस सोसाइटी, कणाली प्रदेशको मातहतमा बिरेन्द्रनगरको सुर्खेतमा अवस्थित कर्णाली प्रदेश गोदामघरमा भण्डारण गर्न तथा प्रदेशभित्रका संकटासन्न समुदायमा आपत्कालीन अवस्थामा तत्काल राहत उपलब्ध गराउने उद्देश्यले तपसिल बमोजिमका राहत सामग्रीहरु खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी तथा आपूर्तिकर्ताहरुबाट सिलबन्दी बोलपत्र आवह्वान गरिन्छ।

१. **खरिद गर्नुपर्ने राहत सामग्रीको विवरणः**

क्र.सं.	सामग्रीको विवरण	परिमाण
१	मर्यादित स्वच्छता सामग्री (Dignified Hygiene Kit)	१५० सेट
२	फोम म्याट्रस (Foam Mattress)	१५० पीस

२. **बोलपत्रसम्बन्धी शर्त तथा प्रक्रियाहरू :**

- **योग्यता तथा दर्ता** : बोलपत्रदाता नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भई मूल्य अभिवृद्धि कर (VAT) तथा स्थायी लेखा नम्बर (PAN) मा दर्ता भएको र अद्यावधिक कर चुक्ता प्रमाणपत्र (Tax Clearance) प्राप्त गरेको हुनुपर्नेछ।
- **बोलपत्र फाराम प्राप्त गर्ने विधिः** इच्छुक बोलपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात् मिति २०८३/०४/२२ गते २:०० वजे भित्र यस कार्यालयको सिद्धार्थ बैंक, सुर्खेतमा रहेको बचत खाता नम्बर ५५५०१३८४१८० मा बोलपत्र दस्तुर बापतको रकम (रु. ४,०००/- अक्षरेपी चार हजार मात्र) जम्मा गरेको भौचर वा नगदी रसिद सहित लिखित निवेदन पेश गरी बोलपत्र फाराम खरिद गर्न सक्नेछन्।
- **बोलपत्र दर्ता** : रीतपूर्वक भरिएको सिलबन्दी बोलपत्र फाराम मिति २०८३/०४/२२ गते दिनको ०५:०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। ढिलो गरी प्राप्त भएका बोलपत्रहरू उपर कुनै कारबाही गरिने छैन। बोलपत्र फारम बाहिर बोलपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनुपर्नेछ। बोलपत्र फारम खाम बन्द गरी लाहा छापले शिलबन्द गरिएको हुनुपर्नेछ, अन्यथा कार्यालयले उक्त फारम दर्ता गर्न वाध्य हुने छैन।
- **बोलपत्र खोल्ने** : दर्ता हुन आएका बोलपत्रहरू बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन) मिति २०८३/०४/२५ गते दिनको २:०० बजे यसै कार्यालयमा खोलिनेछ।
- **आवश्यक कागजातहरूः** बोलपत्रको साथमा देहायका कागजातहरूको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा संलग्न हुनुपर्नेछः
  - क) व्यावसायिक दर्ता प्रमाणपत्र (नवीकरण भएको)।
  - ख) स्थायी लेखा नम्बर (PAN) र VAT दर्ता प्रमाणपत्र।
  - ग) अद्यावधिक गरिएको कर चुक्ता प्रमाणपत्र।
  - घ) बोलपत्रदाता/प्रोप्राइटरको नागरिकताको प्रतिलिपि।
  - ङ) बोलपत्र जमानत (Bid Security) बापत बैंक ग्यारेन्टी वा नगद जम्मा गरेको बैंक भौचर

३. **अन्य शर्तहरू :** बोलपत्र फाराम स्वीकृत गर्ने वा नगर्ने अथवा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यस सूचनामा उल्लेख नभएका अन्य कुराहरू नेपाल रेडक्रस सोसाइटीको खरिद नियमावली बमोजिम हुनेछ।

थप जानकारीका लागि

नेपाल रेडक्रस सोसाइटी, कर्णाली प्रदेश कार्यालय

वीरेन्द्रनगर–७, इत्राम, सुर्खेत **फोन नः** ०८३-५९०२५५, ५९०२५६ मा सम्पर्क गर्न सकिनेछ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)